रुवी भ्याली गाउँपालिका सभाका सभाअध्यक्ष ज्यू, सभाका सदस्य ज्यूहरु,

रुवी भ्याली गाउँपालिकाको यस गरिमामय १७ औं गाउँ सभामा उपस्थित सम्पूर्ण सभा सदस्य ज्यूहरुलाई हार्दिक स्वागत गर्न चाहान्छु। गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने जनप्रतिनिधि साथीहरु, राजनीतिक दल, गैर सरकारी सघं संस्था, सामाजिक रुपमा सक्रिय वुद्धिजिवी, सम्पूर्ण विषयगत शाखा, आमा, बुबा, दाजुभाई तथा दिदीबहिनीहरु लगायत सहजकर्ताहरुलाई हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्न चहान्छु। यस महत्वपूर्ण अवसरमा नेपालको प्रजातान्त्रिक अन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक सशस्त्र संघर्ष, जन आन्दोलन, मधेस आन्दोलन, जनजाति आन्दोलन तथा विभिन्न चरणका आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै बेपत्ता योद्धा, घाइते, अपाङ्ग, सहिद तथा बेपत्ता परिवारहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।

सुन्दर, समुन्नत र विकसित रुवी भ्याली गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको विकासको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं | यसका लागि पालिकाको समग्र विकासमा मध्यनजर गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको सही पहिचान र परिचालन गरी दिगो आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारी विकासमा जोड दिइनेछ। रुवी भ्याली गाउँपालिकालाई उत्कृष्ट पर्यटकिय गन्तव्यको रुपमा स्थापित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिका पहिचान कायम राख्ने र योजनावद्ध वस्ती विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिईएको छ। लोपोन्मुख भाषा, धर्म, संस्कार, संस्कृति, भेषभूषा, रीतिरिवाज जगेर्ना गर्ने ठोस नीति लिएका छौं। शिक्षा प्रणालीलाई समय सापेक्ष परिमार्जन गर्दै आधुनिक सिकाईका विधिहरु अवलम्वन गर्न जोड दिइने छ। रुवी भ्याली बृहत शैक्षिक सम्मेलन मार्फत शैक्षिक क्षेत्र सुधारमा गरिएको घोषणा पत्र बमोजिम विद्यालय सुधारका कार्यक्रमहरु संचालन गरिने छ। भौगोलिक विकटताको कारण लामो समयदेखि यातायात सेवाबाट वञ्चित स्थानीय गाउँहरुमा सडक सञ्जाल विस्तार गर्ने अभियानलाई विशेष प्राथमिकतामा राखेका छौं। यस गाउँपालिकालाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न पर्यटन पूर्वाधार, पर्यटक सचेतना तथा सुरक्षालाई विशेष मध्यनजरमा राखिएको छ। निर्माणाधिन र निर्माण प्रकृयामा रहेका जलविद्युत आयोजनाहरुसँग समन्वय गरी गाउँपालिकाको विकासमा जोड दिइनेछ।

संघ र प्रदेश सरकार मार्फत हुने अनुमानित वित्तीय हस्तारण तथा अनुदानमा भएको अस्वभाविक कटौतीका कारण गाउँ पालिकाको निति तथा कार्यक्रममा नै नकारात्मक असर पुगेको छ। स्थानीय स्रोतको सदुपयोग गर्दै आन्तरिक आयस्रोतमा जोड दिदैं बलिया योजनाहरु तय गर्नु पर्ने छ। स्थानीय स्रोत अन्तर्गत जलविद्युत, पर्यटन, कृषि, जडिबुटी, खनिज पद्धार्थलाई सदुपयोग गर्दै आत्मनिर्भरको वातावरण बनाउँन जरुरी छ। बाह्य बसाइसराईका कारण नेपालका गाउँघरहरु सुनसान वस्तीका रुपमा



राम सिंह तामाङ
अध्यक्ष

CamScanner

रुपान्तरित हुन पुगेका छन्। उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन्। देशभित्रै रोजगारीमूलक वातावरण सिर्जना गरी युवाशक्तिलाई गाउँतर्फ आकर्षित गर्नु आजको साझा चुनौती बनेको छ, जसलाई सम्बोधन गर्नु हामी सबैको साझा दायित्व हो।

## विद्यमान अवसरहरु:

हाम्रा लागि देहाय बमोजिमका अवसरहरु रहेका छन्:

- गाउँपालिकालाई पर्यटकिय नगरीको रुपमा विकास गरी पर्यटनलाई गाउँपालिकाको मुख्य आम्दानीको स्रोत बनाउन सकिन्छ।
- निर्माणाधिन अवस्थामा रहेका जलविद्युत आयोजनाहरु छिटो सम्पन्न गरी रोयल्टी मार्फत गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्न सकिन्छ।
- जडिबुटी पहिचान तथा खेती विस्तार गरी आयस्रोतमा लाभ लिन सकिन्छ।
- स्थानीय तामाङ, गुरुङ, घले, नेवार समुदायको परम्परागत सांस्कृतिक एवम् धार्मिक पहिचान जगेर्ना गर्दै धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिन्छ।
- खानी विभागसँग समन्वय गरि रुवी(Ruby), कृष्टल(Cystal) जस्ता बहुमुल्य खनिज पदार्थलाई आम्दानीको स्रोतको रुपमा विकास गर्न सकिन्छ।
- प्राङ्गारिक मलको प्रवर्द्धन मार्फत जैविक खेतीलाई प्राथमिकता दिई गाउँपालिकालाई 'अर्गानिक गाउँपालिका' घोषणा गर्ने आधार तयार गर्न सकिन्छ।
- तातोपानीको पूर्वाधार विकाससँगै व्यवस्थापनमा विकास गर्न सकेको खण्डमा रोजगारीको अवसरहरु सृजना हुने देखिन्छ।
- गणेश हिमालको काखमा रहेको कालो दह, सेतो दह र दुध कुण्डजस्ता प्राकृतिक सौन्दर्यले भरिएका स्थलसम्मको पदमार्ग विकास गरी विश्राम गृह निर्माण गर्न सकिए, पर्यटन प्रवर्द्धन हुँदै आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणमा उल्लेखनीय वृद्धि हुन सक्नेछ।
- जैविक विविधताले सुसम्पन्न गाउँपालिकालाई प्रचारप्रसारमा ल्याउन सके राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटनको आगमन सँगै रुवी भ्यालीको आर्थिक वृद्धिमा थप टेवा पुग्नेछ।
- स्थानीय सांस्कृतिक र प्राकृतिक सौन्दर्यसँग जोडिएको होमस्टे व्यवस्थापनलाई व्यवस्थित र गुणस्तरीय बनाई स्थानीय जीवनशैली र पाहुनाप्रति आतिथ्य भाव प्रस्तुत गर्न सकिएमा यसको बढ्दो आकर्षण पर्यटन प्रवर्द्धनको प्रमुख आधार बन्न सक्नेछ।
- स्थानीय स्रोत र भू-प्रकृति अनुरूप जैविक तथा व्यावसायिक खेती, पशुपालन(बँदेल, लोकल कुखुरा, मौरी) र कृषि पर्यटनमार्फत कृषि क्षेत्रलाई समृद्धिको प्रमुख आधार बनाउने उच्च सम्भावना छ।



राम सिंह तामाङ
अध्यक्ष

CamScanner

रुवी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

## विद्यमान चुनौतीहरुः

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरु रहेका छन्-

- भौगोलिक विकटताका कारण विकास निर्माण लगायतका क्रियाकलापहरुमा प्रत्यक्ष नकरात्मक असर पर्नु रुवी भ्याली गाउँपालिकाको प्रमुख चुनौती हो।
- अस्थिर राजनीतिक परिवर्तनका कारण संघ र प्रदेशमा भएको सत्ता समिकरणको फेरबदलले तीनै तहको सरकारको समन्वय मार्फत तय भएका योजनाहरुमा प्रत्यक्ष नकरात्मक असर भएको छ।.
- यस गाउँपालिकाका सबै वडाहरूमा सडक विस्तार तीव्र रूपमा भइरहेको छ, तर स्थानीय खोलाहरूमा पुल निर्माण नहुनाले वर्षभरि यातायात सञ्चालनमा समस्या भइरहेको छ जसले रुवी भ्यालीका जनजीवनमा प्रत्यक्ष असर पारेको छ।
- स्पष्ट कानूनी व्यवस्था नभएकोले खनिजजन्य पदार्थको संरक्षण तथा उत्खनन गरि गाउँपालिकाको आयस्रोत वृद्धि गर्न सकिएको छैन।
- रुवी भ्याली गाउँपालिकाको मुख्य आयस्रोतको रुपमा पर्यटनलाई लिन सकिन्छ। तर पर्यटन पूर्वाधार विकास गर्न नसक्नु, व्यवस्थित होमस्टे तथा रिसोर्ट व्यवस्थापन नहुनु, स्थानीय स्तरमा पर्यटन मैत्री वातावरण सृजना गर्न नसक्नु आदि कारणले पर्यटन आकर्षण गर्न सकिएको छैन। जसले आयस्रोतमा प्रत्यक्ष असर पारेको छ।
- यस गाउँपालिकाको प्रमुख पेशा कृषि तथा पशु हो। तर परम्परागत खेति प्रणाली र पशुपालनले गर्दा आयस्रोतमा वृद्धि गर्न सकिएको छैन। कृषि तथा पशुपालनलाई व्यावसायीकरण गर्न नसक्नु पनि एक चुनौती रहेको छ।
- गाउँपालिका अन्तर्गत उत्पादन भएका कृषिजन्य तथा पशुपालक सामग्रीको प्रभावकारी बजारिकरण हुन नसक्नु एक प्रमुख चुनौती बनेको छ।
- भौगोलिक विकटता, बसाइसराइ, कमजोर शैक्षिक गुणस्तर लगायतका कारण विद्यालयहरु खालि हुने अवस्था सिर्जना भएको।
- दक्ष जनशक्तिको निर्माण गरी स्थानीय स्रोतको सही सदुपयोग तथा परिचालन गर्न गराउन नसक्नु एक चुनौती हो।
- प्रभावकारी रुपमा नियमित सञ्चार सेवा सञ्चालन गर्न नसक्नु गाउँपालिकाको प्रमुख समस्या रहेको छ।
- बाढी, पहिरो लगायतका प्राकृतिक प्रकोप नियन्त्रण गर्न चुनौतीपूर्ण तथा जटिल रहेको छ।
- गाउँपालिका अन्तर्गत रहेका प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मापदण्ड अबलम्वन गरी सही मुल्याङ्कन गर्न सकिरहेको छैन।

राम सिंह तामाङ
अध्यक्ष



CamScanner

- विभिन्न कालखण्डमा गाउँपालिका निर्माण भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्याङ्कन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धि योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्न सकिरहेको छैन।
- प्रशासनिक भवन निर्माण कार्यमा भएको ढिला सुस्तीले गर्दा सेवा प्रवाह व्यवस्थित गर्न सकिएको छैन।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु (संविधान, प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय, प्रदेश स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाई आदि )

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धि उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरु बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरु अनुसार विभिन्न चरणको सहभागितामूलक प्रकृयाबाट यस गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

गाउँ पालिकाभित्र भएका विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदैं आएको छ। विकास र सुशासनको लागि गाउँ पालिकाको अध्यक्षको हैसियतले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने प्रयास जारी नै छ। विभिन्न आर्थिक वर्षमा तय भएका निति तथा कार्यक्रमहरु सफल कार्यन्वयनका लागि सम्पूर्ण गाउँ सभाका सदस्यहरुले सहयोग गर्दै आएको छ। गाउँ सभाले तयार गरेको योजना तथा कार्यक्रमहरुलाइ प्रशासानिक संयन्त्रले प्राविधिक तथा कानुनी दायरामा रहि प्रभावकारी कार्यन्वयनमा प्रगति हुदैं आएको छ। आर्थिक प्रशासनले बैंकिङ कारोबारलाई व्यवस्थित तथा पारदर्शी बनाउँन EFT (Electronic Fund Transfer) System लागु गरि सकेको छ। जनसहभागिता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चितता गरेको छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण(O&M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ। यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ।



राम सिंह तामाङ
अध्यक्ष

CamScanner

रुवी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

## चालु आर्थिक वर्ष ०८१/०८२ को महत्वपूर्ण उपलब्धि तथा कामहरु

## पूर्वाधार विकास तर्फः

### सडक

बागमती प्रदेश अन्तर्गत रहेको गाउँपालिकाहरुमध्ये मानव विकास सुचाङ्क (Human Development Index) मा यस रुवी भ्याली गाउँपालिका सबै भन्दा कमजोर गाउँ पालिका हो । गाउँपालिकाको समन्वयमा प्रदेश सरकारले आफ्नो विभिन्न आ.ब. को नीति तथा कार्यक्रममा एकिकृत रुवी भ्याली विकास कार्यक्रम, रुवी भ्याली लगायत HDI मा पछाडी परेका स्थानीय तहहरुको एकिकृत विकास लगायतका शिर्षकहरु समावेश गरि बार्षिक रुपमा विशेष बजेट कार्यक्रम सम्बोधन गर्दै आएको छ । प्रदेश सरकाले चालु आ.ब. ०८१/०८२ मा रु. ७ करोड बराबरको बजेट विनियोजन गरेको छ । प्रदेश सरकारले आ.ब.०८२/०८३ को नीति तथा कार्यक्रममा पनि रुवी भ्याली गाउँपालिकालाई समावेश गरेको छ । हाम्रो गाउँ पालिकालाई नीति तथा कार्यक्रममा निरन्तरता दिएकोमा प्रदेश सरकारलाई धन्यवाद दिन चाहान्छु । साथै बजेट कार्यक्रममा विशेष सम्बोधन हुने अपेक्षा गर्दछु ।

गाउँ पालिकाको समन्वयमा पूर्वाधार विकास कार्यालय, धादिङले ठेक्का र केही योजनाहरु निर्माण उपभोक्ता समिति मार्फत कार्यन्वयन भइरहेको छ । अदाखोला तिप्लिङ सडक, नुचेत भाल्चे गोङ्गा सिङ्ल्हा मच्छेम्बो सेर्तुङ सडक, थ्यालगङ अवई ब्रादुङ सेर्तुङ, पुरु लिङ्जो सडक, प्यान्तिस्या तीर रिचेत सडक नयाँ ट्रयाक निर्माण, प्यान्तिस्या चालिस सेर्तुङ सडक स्तरोउन्नति, लापा स्वास्थ्य चौकी थुवाखोला लाप्चेत कुप्चेत सडक र बोराङ रेन्बु गापा सडकको नयाँ ट्रयाक तथा स्तरोउन्नतिका कार्यहरु सम्पन्न भएको छ ।

प्रदेश समपुरक अन्तर्गत लापा खादिङ सडक र पागोमाने देखि पालिका भवन सडक स्तरउन्नति कार्य भैरहेको छ । यस योजनाले खादिङ गाउँसम्म सडक विस्तार भैसकेको छ । निकट भविष्यमा नै लापा गाउँ हुदैं खादिङसम्म यातायात संचालन हुने सुनिश्चित भएको छ । प्रदेश शसर्त अनुदानमा वडा नं-२ र १ स्थित पानागाउँ देखि सेलेले सडक र ङसिङबो रउचेत सडकको पनि स्तर उन्नति भएको छ । प्रदेश सम्पुरक शिर्षक अन्तर्गत नै प्यान्तिस्या तातोपानी नेवेर सडकको स्तरउन्नतिसंगै नयाँ ट्रयाँक विस्तार कार्य सम्पन्न भएको छ । यस सडक खण्डमा पनि छिट्टै नै यातायात संचालन हुने विश्वास लिइएको छ । यस आ.व.मा ११,७५७ मिटर सडकको नयाँ ट्रयाक निर्माण कार्य सम्पन्न भएको छ ।

### पर्यटन

रुवी भ्याली गाउँ पालिका भौगोलिक रुपमा पर्यटकिय स्थलहरुले सजिएको सुन्दर हिमाली क्षेत्र हो । पर्यटन नै गाउँ पालिकाको प्रमुख स्रोत हो । गाउँ पालिकाले पर्यटन पूर्वाधारको विकाससंगै पर्यटन मैत्री वातावरण निर्माण गर्नु आफ्नो जिम्मेवारी ठानेको छ । गाउँ पालिकालाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न पालिकाले बार्षिक नीति तथा कार्यक्रममा पर्यटन प्रवर्दनका कार्यक्रमहरु अवलम्बन गर्दै आएको छ ।

पर्यटन क्षेत्रको विकासका लागि पालिकाले बागमती प्रदेश सरकार र संघिय सरकारसंग समन्वय गरिरहेको छ । गाउँपालिकाले बागमती प्रदेश अन्तर्गत पर्यटन विकास आयोजनासँग समन्वय गरेर पर्यटन पूर्वाधार विकासमा जोड गर्ने नीति लिएको छ । गाउँ



राम सिंह तामाङ
अध्यक्ष

CamScanner

पालिकाको अनुरोधमा आयोजनाले तातोपानी हिन्दुङ कालोदह सेतोदह पदमार्ग तथा विश्राम घर स्थल निर्माणको DPR सम्पन्न गरेको छ। DPR बमोजिम संस्कृति तथा पर्यटन मन्त्रालयद्धरा विनियोजित बजेटबाट हिन्दुङ गाउँ हुदैँ कालोदह जाने पदमार्ग निर्माण कार्य थालनी भएको छ।

रुवी भ्याली गाउँपालिकाले संघीय सरकारको शसर्त बजेट कार्यक्रमबाट यस गा.पा.को चर्चित धार्मिक एवं पर्यटकिय स्थल कालो दह वरिपरि पदमार्ग निर्माण कार्य सम्पन्न गरेको छ। कालो दहमा नै विश्राम घर र शौचालय निर्माण कार्य पनि सम्पन्न गरेको छ। साथै यस गापाको वडा नं १ स्थित लिङजो गाउँको बाबिल तातोपानी जाने पदमार्ग निर्माण कार्य सम्पन्न भएको छ। बागमती प्रदेश सरकारद्वारा विनियोजित समपूरक बजेट शिर्षकबाट यस गाउँपालिकाको वडा नं. ३ स्थित खार्सा आ.वि. खटेन गुम्बा च्याम्राडाँडा तछम हेगङ फेन्चेत पदमार्ग निर्माण कार्य भईरहेको छ। बागमती प्रदेश सरकाद्धारा यस गाउँपालिकाको विभिन्न वडाहरुको पर्यटन पूर्वाधार शिर्षकमा विनियोजित बजेटबाट पदमार्ग लगायतका योजनाहरु सम्पन्न भैरहेको छ। रुवी भ्याली गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमिसँग जोडिएको सेदाचेत संरक्षणका लागि पूर्वाधार निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

## झोलुङ्गे पुल

संघीय सरकार सशर्त अनुदानबाट आबम तातोपानी याजुङ, चिमास्योङ नेबेर झोलुङ्गे पुल, मेनचेत दिबान, खादिङ झोलुङ्गे पुल, महाभिर खोला, बान्द्रे हाङकाङ खोला झोलुङे पुल, तिर ठुङ्गे चौतारा अवई आखुखोला रुवी भ्याली ६-४ जोड्ने झो.पु. निर्माण कार्य सम्पन्न भएको छ।

## स्वास्थ्य

बागमती प्रदेश सरकारका स्वास्थ्य मन्त्री सहित स्वास्थ्य विशेषज्ञ टोलीले यस गाउँपालिकाको भ्रमण गरेको छ। भ्रमणका क्रममा रुवी भ्याली गाउँपालिका र सेचेन करुणाको ५०/५० प्रतिशत साझेदारीमा निर्मित रुवी भ्याली आधारभूत अस्पतालको तिन कोठे भवन निर्माण कार्य सम्पन्न भएको छ। यस अवसरमा रुवी भ्याली आधारभूत अस्पतालको सेवा प्रवाहलाई चुस्त बनाउँन ग्रामीण अल्ट्रासाउण्ड लगायतका स्वास्थ्य सामग्रीहरुको हस्तान्तरण समेत भएको छ।
"एकिकृत जनस्वास्थ्य तथा पोषण प्रवर्द्धन अभियान" अन्तर्गत ३ दिने वृहत स्वास्थ्य शिविर सञ्चालन भएको छ। शिविरमा ६६० भन्दा बढी थरिका रोगको पहिचान गरी ३५० जना बिरामीहरुले स्वास्थ्य सेवा लिएको छ। रुवी भ्याली गाउँपालिकाको आधारभूत अस्पतालमा मेडिकल अधिकृत नियुक्ति गरि स्वास्थ्य सेवालाइ प्रभावकारी बनाउँदै आएको छ। २४ सैं घण्टा स्वास्थ्य सेवा लिन सकिने भएको छ। रुवी भ्याली आधारभूत अस्पतालमा स्वास्थ्य सेवामा थप सुधारको लागि केन्द्रिय लाईन( Three-Phase) जडान कार्य सम्पन्न गरिएको छ।

स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन स्थानीय सरकारले धादिङ अस्पतालसँग निशुल्क उपचारको सम्झौता नविकरण गर्ने नीति बमोजिम आम सर्वसाधारणले निशुल्क सेवाको लाभ लिईरहेको छ। स्वास्थ्य शाखाको सक्रियतामा प्रत्येक वर्ष झै पूर्ण खोप वडा तथा पालिका घोषणा सभा सम्पन्न भै सकेको छ। गर्भवती तथा सुत्केरी महिला उद्धार कार्यक्रम अन्तर्गत ५ जनाको हेलिकप्टरबाट उद्धार गरिएको छ।



राम सिंह तामाङ
अध्यक्ष

CamScanner

गाउँ पालिकाको समन्वयमा सघन शहरी विकास कार्यालयले तिप्लिङ हेल्थ पोष्टको भवन निर्माण कार्य सम्पन्न गरेको छ। सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ अनुसार रुवी भ्याली आधारभूत अस्पताल निर्माणका लागि ७ रोपनी २ आना जग्गा व्यक्तिको नामबाट अस्पतालको नाममा धादिङ जिल्ला मालपोत कार्यालयमा दर्ता भईसकेको छ। साथै अस्पतालको DPR प्रकृया अन्तिम चरणमा पुगेको छ।

## एम्बुलेन्स सेवा

रुवी भ्याली आधारभूत अस्पतालका एम्बुलेन्स चालक (हेल्पर) लाई प्राथमिक उपचार (First-Aid) तालिम प्रदान गराइ आकस्मिक सेवा प्रभावकारी बनेको छ।

## कृषि र पशु

प्रदेश सशर्त अनुदान कार्यक्रम अन्तर्गत बँदेल पालन सम्बन्धी तालिम तथा अवलोकन भ्रमण १२ जना किसानहरु किस्पाङ गाउँपालिका वडा नं.२ अन्तर्गत रहेको लाङटाङ बँदेल पालन फर्ममा तालिम तथा प्रयोगात्मक तालिम सम्पन्न भएको छ। साथै पशुपालन प्रवर्द्धन कार्यक्रम(भेडा, बाख्रा) रुवी भ्याली-६ स्थित २ वटा फर्म/समुह छनोट गरी आधुनिक खोर निर्माण, थुमा खरिद, स्थानीय माउ बाख्रा भेडा खरिद, पानी व्यवस्थापन तथा मेशिनरी उपकरण सामाग्री खरिद कार्यक्रम सम्पन्न भएको छ। वडा समाजवादी कार्यक्रम अन्तर्गत वडा नं.५ मा कफि र अलैँचीको बेर्ना, प्राङगारिक मल, सिचाँई पाइप वितरण गरियो। कृषि विकास कार्यालय धादिङ, रुवी भ्याली गाउँपालिका, ल्हाप्साङकर्पो बहुउद्देशिय सहकारी संस्था लि. र सेर्तुङ साना किसान कृषि सहकारीको साझेदारीमा एक वडा एक कृषि उत्पादन (आलु पकेट क्षेत्र वडा नं.३)कार्यक्रम अन्तर्गत १६ वटा ट्रायक्टर, सिचाईं पाइप, प्राङ्गारिक मल, बिउँ, भन्डारको लागि चित्रो,थुन्चे, ८ टन भन्डारण क्षमता भएको रस्ट्रिक स्टोर निर्माण गरियो।

## आयुर्वेद

संघीय सशर्त अनुदानबाट सेर्तुङ बोराङ आयुर्वेद औषधालयले स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्धक आयुर्वेद औषधी वितरण कार्यक्रम, जडिबुटी प्रवर्द्धन कार्यक्रम, विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम, नागरिक आरोग्य कार्यक्रम र जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्द्धन सेवा कार्यक्रम सम्पन्न गरेको छ। साथै यस आ.व.मा पूर्वकर्म/पञ्चकर्म सेवा सञ्चालनको एकाङ्ख र सर्वाङ्ख स्वेदन सेवा सहित कर्मचारी पदपूर्ति समेत भएको छ।

## गैससका कार्यहरु

गाउँपालिकाले सेचेन करुणासँग सन् २०२४ ,२५ र २६ को लागि लगभग १२ करोड बराबरको विभिन्न कार्यक्रम सम्झौता गरि कार्यान्वयन गर्दै आएको छ। संस्थाले गाउँपालिकाको स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, आर्थिक विकास लगायतको क्षेत्रहरुमा काम गरिरहेको छ।



राम सिंह तामाङ
अध्यक्ष

CamScanner

यसैगरी विगत ३ दशक देखि नै रुवी भ्यालीको शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रमा योगदान दिँदै आईरहेको हिमालय हेल्थ केयर नेपाल पनि कार्यक्रमहरु निरन्तरता दिदै आएको छ ।

## शिक्षा तथा खेलकूद

यस आर्थिक वर्षबाट रुवी भ्याली गाउँपालिकाको वडा नं. ३ स्थित श्री च्याम्रा मा.वि.बाट एस्.ई.ई( SEE) परिक्षा संचालनमा आएको छ । गाउँ पालिकाका विद्यार्थीहरु पालिका बाहिर गई SEE परिक्षा दिनु पर्ने बाध्यताको अन्त्य भएको छ । च्याम्रादेवी मा.वि.का विद्यार्थीहरुले एस्.ई.ई. परिक्षा दिन जानु पर्ने भएता पनि गाउँपालिकाले परिक्षा केन्द्रसम्म जाने खर्चको व्यवस्था समेत गरिएको छ । यस बर्ष गाउँपालिकाले शैक्षिक सुधार कार्यक्रम संचालन गरेको छ । रुवी भ्याली बृहत शैक्षिक सम्मेलन मार्फत ५८ बुंदे घोषणा पत्र तयार भएको छ ।

MBBS अध्ययनरत विद्यार्थीहरुलाई बार्षिक ६० हजार बराबरको छात्रवृद्दिलाई निरन्तरता दिईएको छ । गाउँपालिका अनुदान शिक्षकहरुको पारिश्रमिकमा वृद्धि गरिएको छ । गाउँपालिकाले पालिका स्तरिय ७ औं राष्ट्रपति रनिङ प्रतियोगिता भव्य रुपमा सम्पन्न गरेको छ । लापाको लापा माविमा सञ्चालन भएको प्रतियोगीतमा उत्कृष्ट खेलाडीहरु छनौट गरि जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा सक्रिय सहभागी गराइएको छ । १३ औ धादिङ स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीताको छात्र भलिबल प्रतियोगितामा प्रथम स्थान र समग्र जिल्ला स्तरमै तेस्रो स्थान हासिल गर्न सफल गरेर गाउँपालिकाको इज्जत बढाएको छ । यस बर्षबाट जिल्ला स्तरिय कराते प्रतियोगीताबाट छनौट भई बागमती प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समेत सहभागी भएको छ । प्रदेश स्तरिय प्रतियोगितामा सहभागी भई कराते तर्फ कास्य पदक जित्न सफल भएको छ, जसले गाउँपालिकाको इज्जत बढाईएको छ । यस नतिजाले सिङ्गो रुवी भ्यालीको खेलकुद् क्षेत्रमा थप प्रोत्साहन मिलेको छ ।

## तामाङ लिपि प्रशिक्षण

बागमती प्रदेश सरकारले तामाङ भाषा र नेवारी भाषालाई सरकारी कामकाजी भाषाको रुपमा प्रयोग गर्ने ऐन जारी गरेको छ । प्रदेश सरकारको यो कदमको सम्मान गर्दै पालिका स्तरमा भाषा लिपिको विकास गर्न गाउँपालिकाले २१ वटै विद्यालयहरुबाट ४२ जना शिक्षक सहभागी भई तामाङ लिपि तालिम सम्पन्न गरेको छ । स्थानीय पाठ्यक्रममा तामाङ लिपिमा पुस्तक प्रकाशन गरी पाठ्य सामग्री तयार गरिनेछ ।

बागमती प्रदेश सरकार मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालयद्वारा नमुना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० अन्तर्गत सर्वशिक्षा अभियान नागरिक शैक्षिक सचेतना कार्यक्रम संचालन भएको छ । यस अभियान अन्तर्गत विव्यसहरुलाई विद्यालय व्यवस्थापन समिति कार्यविधि, नियमावली अभिभावक, शिक्षक, विद्यार्थीहरुले पालना गर्नु पर्ने विषयमा अभिमुखिकरण सम्पन्न भएको छ । साथै विभिन्न वडा स्तरिय अनिवार्य निशुल्क शिक्षा घोषणा कार्यक्रम सम्पन्न समेत भएको छ ।

राम सिंह तामाङ
अध्यक्ष



CamScanner

## राष्ट्रिय सेवा दल (NCC)

रुवी भ्याली गाउँपालिकाको सक्रिय समन्वयमा र नेपाली सेना शिव दल गण गजुरी ब्यारेक सिफारिसमा NCC तालिम संचालन गर्न सफल भएको छ। गाउँपालिकाको श्री च्याम्रा देवी माध्यमिक विद्यालयमा यो तालिम संचालन भइ सम्पन्न भएको छ। राष्ट्रिय सेवा दल तालिममा ३६ जना विद्यार्थीहरु सहभागी भएका छन्।

## खेलाडी सम्मान कार्यक्रम

गाउँपालिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक विजेता खेलाडीहरुलाई सम्मान गरेको छ। गाउँपालिकाले भारतमा सम्पन्न Open International Karate Championship 2025 प्रतियोगीतामा सहभागी कराते प्रशिक्षकहरु सन्देश घले, ओम बहादुर र रोशन घले समेत १२ जना खेलाडीहरुलाई नगद सहित सम्मान गरेको हो। उक्त खेलमा १० स्वर्ण पदक, १ रजत पदक, १ कास्य पदक हासिल गर्न सफल भएको छ। १३ औ धादिङ जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता र प्रदेश स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पदक ल्याउन सफल खेलाडीहरुलाई पनि गाउँ सभामा सम्मान गरिदै छ।

## विद्यालय पूर्वाधार

गाउँपालिकाले वडा नं-३ स्थित सामुदायिक भवन गणेश हिमाल सामुदायिक अध्ययन केन्द्र (Community Learning Center) लाई हस्तान्तरण गरि अध्ययन केन्द्रको मर्मत संभार कार्य सम्पन्न गरेको छ। छिट्टै नै अध्ययन केन्द्र व्यवस्थित रुपमा संचालनमा आउने छ। गाउँपालिकाको समन्वयमा गोर्खा वेलफेयर ट्रस्टले गोठेन देवी आधारभूत विद्यालयको ३ कोठे भवन निर्माण कार्य सम्पन्न भएको छ। सेचेन करुणाको आर्थिक सहयोगमा मुक्राप देवी माविमा खानेपानी निर्माण कार्य सम्पन्न भएको छ।

## पालिका डिजिटल प्रोफाइल

२१औँ शताब्दी Information Technology को युग हो | गाउँ पालिकाले तयार गरेको Digital Profile प्रत्येक वर्ष अद्यावधिक गर्ने कार्य भैरहेको छ। Digital Profile मार्फत गाउँपालिकाले गाउँपालिकाको सम्पूर्ण गतिविधि तथा अभिलेखहरु वेवसाइट( Website) मार्फत अद्यावधिक गरि सबैमा सुसुचित गर्दै आएको छ।

## वडा स्तरिय पूर्वाधार कार्यक्रमहरु

गाउँपालिकाको १ देखि ६ वडामा तीनै तहको सरकारले विभिन्न कार्यक्रम तथा योजनाहरु सम्पन्न गरेको छ। वडा कार्यालयको मातहातमा पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, स्वास्थ्य, शिक्षा, पर्यटन पूर्वाधार लगायतका क्षेत्रमा थुप्रै कार्यहरु सम्पन्न गरेको छ।

संघ र प्रदेशको समपूरक, शसर्त र बिशेष बजेट तथा विभिन्न कार्यालय मातहातको कार्यक्रम बाहेक गाउँपालिकाबाट विनियोजन भएको रकमबाट बिभिन्न कार्यक्रम तथा योजनाहरु सम्पन्न भएका छन्। गाउँपालिका अन्तर्गत रहेका ६ वडाहरुमा



राम सिंह तामाङ
अध्यक्ष

थुप्रै पदमार्गहरु निर्माण भएको छ। धार्मिक एवं पर्यटकिय स्थलहरुको संरक्षणमा विभिन्न कार्यक्रमहरु सम्पन्न भएको छ। गुम्बा तथा मण्डलीहरुको निर्माणसँगै मर्मतका कामहरु हुँदै आएको छ । स्वास्थ्य इकाइहरुको पूर्वाधार विस्तारसंगै स्वास्थ्य सेवा प्रभावकारी बनेको छ।

## सेवा र परामर्श

गाउँ पालिकाको विद्यालयहरुको DPR निर्माण कार्य थालनी भएको छ। विस्तृत अध्ययन सम्पन्न भएका विद्यालयहरुको भौतिक संरचना निर्माणका लागि सामान्य प्रशासन मन्त्रालयको सिफारिसमा भारतिय राजदुतावासलयमा दर्ता भै आवश्यक योजनाको पहल भैरहेको छ।

गाउँपालिकाको सेर्तुङ र तिप्लिङ गाउँको सिमामा रहेको अदाखोलामा DPR सम्पन्न गरि बजेट सुनिश्चतासंगै ठेक्का प्रक्रिया पनि सम्पन्न भैसकेको छ। यसैगरी गाउँपालिका भित्र रहेको महत्वपूर्ण पर्यटकिय स्थलहरुको समेत विस्तृत अध्ययन सम्पन्न भैसकेको छ।

## न्यायिक समिति

प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन भएको छ। गाउँपालिकाको आयोजनामा ४८ घण्टे मेलमिलाप तालिम सम्पन्न भएको छ। यस आ.व. १८ वटा विवाद दर्ता भई १२ वटा विवादहरु मिलाप भईसकेको छ भने बाँकी छलफलको चरणमा रहेको छ।

## प्रधानमन्त्री स्वारोजगार कार्यक्रम

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरिएको छ। मौलिक हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन २०७५ जारी भएको छ। उक्त ऐनले प्रत्येक स्थानीयमा रोजगार सेवा केन्द्रको स्थापना गर्ने वातावरण तयार भएको छ। नेपाल सरकारले हरेक बेरोजगार परिवारलाई एक जना श्रमिकले १०० दिन काम गर्दा प्राप्त गर्ने न्यूनतम पारिश्रमिक ५०% रकम निर्वाह भत्ता दिनुपर्ने व्यवस्था छ। यस गाउँपालिकाको PMEP साइटमा जम्मा बेरोजगार संख्या ९३६ जना सूचीकृत गरी ७१ जनालाई १०० दिनको रोजगारी प्रदान गर्न सफल भएको छ। बेरोजगारहरुको सक्रिय सहभागीतामा पूर्वाधारका कार्यहरु सम्पन्न भएको छ। स्थानीय सडक, धार्मिक स्थल, पदमार्ग, चिहान घर निर्माण कार्यहरु सम्पन्न भएको छ।

## सशत्र प्रहरी बल नेपाल (BOP)

गाउँपालिकाको सक्रियतामा रुवी भ्याली गाउँपालिकाको वडा नं. १ स्थित लब्दुङ गाउँमा सशस्त्र प्रहरी बल नेपालको BOP स्थापना गर्न सफल भएको छ। असुरक्षित परिस्थितीहरु सिर्जना भैरहेको रुवी भ्यालीको पृष्ठभूमिमा APF को उपस्थितिले सिङ्गो रुवी भ्याली मानसिक रुपमा नै सुरक्षित भएको छ। धादिङ जिल्लाको एक मात्र गाउँपालिका रुवी भ्याली जसले चीन स्वाशासित



राम सिंह तामाङ
अध्यक्ष

CamScanner

क्षेत्र तिब्वतसंग सिमाना जोडेको छ। APF ले सीमा सुरक्षासंगै गाउँ पालिकाको खानी जन्य प्राकृतिक स्रोतहरुको सुरक्षा गर्ने छ। शान्ति सुरक्षामा प्रभावकारी भूमिका रहने विश्वास लिएका छौं। गाउँपालिकासंग समन्वय गरी विपद् व्यवस्थापन, पर्यटक सुरक्षा तथा सामाजिक कार्यमा APF ले प्रभावकारी कार्य शुरुवात गरिसकेको छ। क्याम्प निर्माणका लागि जग्गा व्यवस्थापन कार्य अघि बढिसकेको छ। APF र गाउँपालिका बीच अस्थायी कार्यालय व्यवस्थापनसंगै सक्रिय समन्वय भैरहेको छ।

## प्रशासनिक भवन

रुवी भ्याली गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भएको छ। विवादित प्रशासनिक भवनको जग्गा विवाद कानुनी रुपमा समाधान भैसकेको छ। आर्थिक वर्ष ०८२/०८३ देखि प्रशासनिक भवनबाट गाउँपालिकाको सम्पूर्ण प्रशासनिक सेवा प्रवाह सुचारु हुने छ। आगामी बर्षबाट प्रशासनिक झनझटको अन्त्य हुने छ।

## गाउँ प्रहरी

कर संकलन, बिरामी उद्दार ,सरसफाई, डढेलो नियन्त्रण, बिक्री केन्द्र अनुगमन, खनिज तथा जडिबुटी नियन्त्रण, सार्वजनिक स्थलहरुको सुरक्षा, रासायनिक मल प्रयोगमा नियन्त्रण, नवनिर्मित प्रशासकीय भवनको सुरक्षा तथा सरसफाई आदि कार्यमा गाउँ प्रहरी परिचालन गरिएको छ। सोम्दाङ, सेर्तुङ र बोराङ गरि तीन स्थानमा गाउँ प्रहरीले सक्रियता बढाएको छ। बोराङ नाकामा पोष्ट खडा भएको छ। गाउँ प्रहरीले बोराङ पोष्ट मार्फत पालिका हुने आयात निर्यात तथा आवत जावतमा अभिलेख राख्ने कार्य सुचारु गरेको छ।

सभा सदस्यज्यूहरु,

## आर्थिक बर्ष ०८२/०८३ को नीति तथा कार्यक्रमहरु

## आर्थिक विकास

### (क) कृषि तथा पशु

- बंदेलको पाठापाठी वितरण कार्यक्रममा जोड दिईनेछ।
- स्थानीय उत्पादन प्रोत्साहन तथा खरिद बिक्री कार्यक्रमलाई जोड दिईनेछ।
- ठुलो गाउँहरुमा हाटबजार व्यवस्थापन गरिनेछ।
- मासु जन्य वस्तुको दररेट निर्धारण गरिनेछ।
- कफि खेति प्रवर्द्धनमा जोड दिईनेछ।
- स्याउ खेति प्रवर्द्धन कार्यलाई जोड दिईनेछ।
- रैथाने बिउ संरक्षणमा जोड दिईनेछ।
- बुद्धचित्त विरुवा वितरण कार्यक्रम संचालन गरिनेछ।



राम सिंह तामाङ
अध्यक्ष

CamScanner

रुवी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

- प्राङ्गारिक मल उत्पादन तथा वितरणमा विशेष जोड दिईनेछ।
- ट्राउट माछा पालन तालिममा जोड संचालन गरिने छ।
- आलु पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- आकस्मिक पशुपन्छी महामारी रोग नियन्त्रण तथा उपचार कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- स्थानीय भेडाको ऊन प्रशोधन तथा व्यवसायीकरण गरिनेछ।
- अर्गानिक कृषि प्रणालीमा विशेष जोड दिइनेछ।
- Seed बैंक सञ्चालन गरी आयआर्जनमा जोड दिईनेछ।
- च्याङ्ग्रा/चौरी गाई/भेडा पालन तालिम सञ्चालन गरिनेछ।
- भोटे कुकुर प्रवर्द्धन कार्यक्रम लागु गरिनेछ।
- Bsc. Ag. अध्यापनका लागि छात्रावृद्धि व्यवस्थापन गरिनेछ।

## (ख)उद्योग

- कपाल कटाई तालिम सञ्चालन गरिनेछ।
- एडभान्स सिलाई कटाई तालिमको व्यवस्था गरिनेछ।
- स्थानीय भेडाको उनबाट हस्तकला तालिमलाई निरन्तरता दिईनेछ।

## (ग) पर्यटन

- रुवी भ्याली गाउँपालिकाको पर्यटन ऐन निर्माणमा गरिने छ।
- पर्यटन प्रवर्द्धनको लागि गणेश हिमाल बेस क्याम पूर्वाधार विकास निर्माणमा जोड दिईनेछ।
- स्थानीय पर्यटन मार्ग तथा रुटहरु निर्धारण गरिनेछ।
- पर्यटन व्यवसाय सम्बन्धि उत्प्रेरणा कार्यक्रमलाई जोड दिईनेछ।
- रुवी भ्याली पर्यटन संवाद/कार्यशाला गोष्ठी कार्यक्रम गरिनेछ।
- पर्यटन सूचना केन्द्र स्थापना तथा पूर्वाधार निर्माणमा गरिनेछ।
- रुवी भ्याली गाउँ पालिकाको एतिहासिक पृष्ठभूमि जोडीएको सेर्कि दुङमो सेदाचेतको पूर्वाधार विकासमा जोड दिईनेछ।
- सिङ्ल्हा मचेत खर्कको पर्यटन पूर्वाधारको विकास गरिने छ।
- स्थानीय साँस्कृतिक पहिचानहरु संरक्षण गरिने छ।



राम सिंह तामाङ
अध्यक्ष

CamScanner

## सामाजिक विकास:

### (क)शिक्षा युवा तथा खेलकुद

- गाउँपालिकाले सञ्चालन गरेको बृहत शैक्षिक सम्मेलन २०८२ ले घोषणा गरेका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयनका लागि शिक्षाको रणनीतिक योजना तयार गरिनेछ।
- संघिय विशेष अनुदान कार्यक्रम अन्तर्गत गाउँ पालिका भित्र रहेका विद्यालयहरुमा कम्प्युटर, प्रिन्टर र शैक्षिक सामाग्री खरिद तथा बाल विकास कक्षा व्यवस्थापन गरिने छ।
- शिक्षाको रुपान्तरण र गुणस्तर वृद्धिका लागि विभिन्न विश्वविद्यालय तथा संस्थाहरुसंग साझेदारी विकास गरिनेछ।
- उत्कृष्ट विद्यार्थी, खेलाडी र विद्यालयलाई सम्मान कार्यक्रमलाई निरन्तरता गरिनेछ।
- गाउँपालिकामा एक नमुना विद्यालय छनौटमा जोड दिईनेछ।
- शिक्षक व्यवस्थापन तथा काज मिलान कार्यलाई जोड दिईनेछ।
- बालमैत्री विद्यालय र छात्रवृत्ति कार्यक्रम विस्तारमा जोड दिईनेछ।
- कक्षाकोठा व्यवस्थापन कार्यक्रम, अभिभावक शिक्षा तथा सचेतना कार्यक्रमहरुलाई जोड दिईनेछ।
- शिक्षकहरुलाई विषयगत तालिमको व्यवस्था गरिने छ।
- SEE कोचिङ तथा व्यवस्थापनलाई निरन्तरता दिईनेछ।
- STEM कक्षा सञ्चालन गरिनेछ।
- रुवी भ्याली गा.पा. को सामुदायिक क्रियाकलापबाट SEE र +2 उत्तिर्ण गरि MBBS अध्यापनका लागि प्रवेश परिक्षा पास गरेको विद्यार्थीलाई निशुल्क छात्रावृद्धिमा MBBS अध्यापन गरिनेछ।
- विद्यालय भवन डिपिआर कार्यलाई निरन्तरता दिईनेछ।
- विद्यालय स्तरीय किशोर किशोरी स्वास्थ्य शिक्षा कार्यक्रमलाई जोड दिईनेछ।
- विभिन्न खेल कार्यक्रमहरु निरन्तरता दिईनेछ।

### (ख)स्वास्थ्य

- निशुल्क स्वास्थ्य उपचार सेवा तथा स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ।
- रुवी भ्याली आधारभूत अस्पतालमा कार्यरत कर्मचारीलाई नाइट डिउटीको थप सुविधा मिलाइनेछ।
- रुवी भ्याली ग्रामीण आँखा केन्द्रको स्थापना गरिने छ।
- रुवी भ्याली आधारभूत अस्पतालमा एक्सरे सेवा सुचारु गरिने छ।
- एक्सरे संचालनका लागि Radiography दरबन्दि कायम गरि नियुक्ति गरिने छ।
- Dentist नियुक्ति गरि दाँतको सेवा सुचारु गरिने छ।
- सेर्तुङ बोराङ आयुर्वेदको कार्यालय व्यवस्थापनमा जोड दिईनेछ।



राम सिंह तामाङ
अध्यक्ष

❖ आयुर्वेद गाउँघर क्लिनिक सञ्चालन गरिनेछ।
❖ विद्यालय स्तरमा किशोर किशोरीहरुलाई स्वास्थ्य सम्बन्धी कार्यक्रम गरिनेछ।
❖ गृह सुत्केरी शुन्य वडा तथा पालिका घोषणा गरिनेछ।
❖ गर्भ सुत्केरी महिलालाई निशुल्क एम्बुलेन्सको प्रबन्ध मिलाईनेछ।
❖ अपाङ्गताहरुलाई एम्बुलेन्स सेवामा आकस्मिक(Emergency) अवस्थामा ५०% छुटको व्यवस्था गरिनेछ।
❖ प्रदेश शसर्त कार्यक्रम अन्गर्गत रुवी भ्याली आधारभूत अस्पताल, तिप्लिङ स्वास्थ्य चौकी र तेङचेत स्वास्थ्य चौकिको सुदृढीकरण गरिने छ।
❖ कोख देखि शोक कार्यक्रमलाई निरन्तरता दिईनेछ।

## (ग) खानेपानी तथा सरसफाई

❖ स्वच्छ खानेपानी तथा सरसफाईमा विशेष जोड दिईनेछ।
❖ प्रदेश विशेष शिर्षकबाट बोराङगाउँमा एक घर एक धारा निर्माण गरिने छ।
❖ त्यसै गरी प्रदेश सशर्त कार्यक्रम अन्तर्गत नै कपुरगाउँ खानेपानी निर्माण गरिने छ।
❖ प्रदेश सशर्त कार्यक्रम अन्तर्गत चालिस गाउँ खानेपानी आयोजना निर्माण कार्य सम्पन्न गरिने छ

## (घ)भाषा तथा संस्कृति

❖ विभिन्न सांस्कृतिक कार्यक्रमहरुलाई सञ्चालनमा जोड दिईनेछ।
❖ विश्वविद्यालयमा तामाङ भाषा लिपि अध्ययनका लागि छात्रवृद्दि कार्यक्रमलाई जोड दिईनेछ।
❖ रुवी भ्याली तामाङ शब्दकोष तयार गरिने छ।

## (ङ)लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

❖ नवनिर्मित प्रशासकीय भवनमा न्यायिक ईजलास व्यवस्थापन कार्यलाई जोड दिईनेछ।
❖ बाल दिवस/योग दिवस/नारी दिवस लागायतका दिवसहरु मनाउनका लागि व्यवस्था मिलाईनेछ।
❖ आपाङ्गता अभिलेखिकरण कार्यलाई व्यवस्थित गरिनेछ।
❖ मेलमिलाप पुनर्ताजकी(रिफ्रेसमेन्ट) तालिम तथा सचेतना कार्यक्रममा जोड दिईनेछ।
❖ बागमती प्रदेश स्तरीय न्यायिक सम्मेलन गरिनेछ।
❖ एकल महिला आय आर्जन कार्यक्रममा विशेष जोड दिईनेछ।

राम सिंह तामाङ
अध्यक्ष



CamScanner

लुम्बी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

- जेष्ठ नागरिकको स्वास्थ्य सेवा कार्यक्रममा बिशेष जोड दिईनेछ।
- दलित उत्थान कार्यक्रममा विशेष जोड दिईनेछ।
- मेलमिलापकर्ताहरुलाई मेलमिलाप बापतको पारिश्रमिक भत्ता तथा सञ्चार सुविधा मिलाईनेछ।

### (च)सामाजिक सुरक्षा तथा संरक्षण

- अपाङ्ग तथा जेष्ठ नागरिक सुरक्षा/ संरक्षण कार्यक्रमलाई जोड दिईनेछ।
- जनप्रतिनिधि कानूनी सचेतना कार्यक्रमलाई जोड दिईनेछ।
- अविभावक सचेतना कार्यक्रमलाई जोड दिईनेछ।

## पूर्वाधार विकास

### (क)यातायात पूर्वाधार

- संघिय समपुरक कार्यक्रम अन्तर्गत बोराङ अवइ कोचोङ गङ अदाखोला तिप्लिङ सडक स्तरउन्नति गरिने छ।
- प्रदेश समपुरक अन्तर्गत लापा लप्चेत कपुरगाउँ सडक स्तरउन्नतिसंगै नयाँ ट्र्याक निर्माण कार्य गरिने छ।
- प्रदेश. समपुरक अन्तर्गत नै टासी छेलिङ गुम्बा पुरु लिङजो सडक पनि स्तरउन्नति गरिने छ।
- अदाखोला बेलिब्रिज निर्माण कार्य सम्पन्न गरिनेछ।
- लापा खादिङ सडक खण्ड स्तरउन्नति सम्पन्न गरि यातायात सुचारु गरिने छ।
- सेर्तुङ प्रहरी चौकी निर्माणका लागि बागमती प्रदेश सरकारले रु १ करोड बजेट व्यवस्थापन गरिसकेको छ। प्रहरी चौकी निर्माणका लागि निर्माण स्थल जाने सडक विस्तार गरि थप आवश्यक जग्गा समेत व्यवस्थापन गरिने छ।
- एक्साभेटर सञ्चालनलाइ व्यवस्थित गरिनेछ।

### (ख)उर्जा

- टेलिकम टावरहरुमा केन्द्रिय विद्युत लाइन जडान गरि संचार सेवालाइ व्यवस्थित गर्न जोड दिईनेछ।
- केन्द्रिय लाइन विस्तारमा प्राथमिकता दिईनेछ।
- स्थानीय माइक्रो हाइड्रो सुधार गरि ग्रीड कनेक्सन प्रक्रिया थालनी गरि आयस्रोत थप गर्दै लगिने छ।

राम सिंह तामाङ
अध्यक्ष



CamScanner

## सूचना तथा सञ्चार प्रविधि

- ❖ रुवी भ्याली गाउँपालिकाको जनप्रतिनिधि, प्रशासन, कर्मचारी, शिक्षक र विद्यार्थीहरुमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालिम आयोजना गरिने छ। E- Governance प्रणाली विषयक तालिम संचालन गरि दक्ष जनशक्ति तयार गरिने छ।
- ❖ विद्यालयहरुमा STEM कक्षा संचालन तालिम गरिने छ।

## खानी तथा दुर्लभ स्टोन

- ❖ पालिका गौरवको प्राकृतिक देन रुवी संरक्षणका लागि नीति बनाइनेछ र त्यसको आधिकारिक उपभोगका लागि खानी विभागसंग समन्वय गरी करको दायरामा ल्याइनेछ र पालिकाको आम्दानी वृद्धि गरिनेछ।

## प्रशासन तथा सुशासन(Good Governance)

प्रशासनिक कार्य चुस्त र पारदर्शि बनाइने छ। बेरुजु रहित गाउँ पालिकाको रुपमा विकास गर्न जोड दिइने छ। LISA र FRA सुधार उन्मुख छ, थप सुधारमा गरिने छ।

## मानव संशाधन विकास

- ❖ जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकासमा जोड दिईनेछ।
- ❖ विभिन्न सरकारी तथा गैरसरकारी साझेदारी कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

## पञ्जिकरण व्यवस्थापन

- ❖ स्थानीय बैंकसंग समन्वय गरि सामाजिक सुरक्षा भत्ता वितरण शिविर संचालन गरिने छ। राष्ट्रिय परिचयपत्र शिविर सञ्चालन गरिने छ। घटना दर्ता सप्ताहका बजेट व्यवस्थापन गरिने छ।

## सामाजिक विकास कार्य/लक्षित वर्ग

- ❖ लक्षित वर्ग अन्तर्गत महिला, दलित, अपाङ्ग, वृद्धवृद्धा, बालबालिका, दलित उत्थान कार्यक्रम विशेष जोड दिईनेछ।
- ❖ घर घरमा स्वास्थ्य: असहाय, जेष्ठ नागरिक, अपाङ्ग लगायतलाई घरमै स्वास्थ्य सेवा प्रदान गर्ने प्रबन्ध मिलाईनेछ।



राम सिंह तामाङ
अध्यक्ष

CamScanner

- एकल महिला आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ।
- गणेश हिमाल सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन गरिनेछ।
- बाल विवाह न्यनिकरण कार्यक्रम संचालन गरिने छ।
- स्थानीय तामाङ लिपिमा स्थानीय विषयवस्तु समावेश गरी पाठ्य पुस्तक प्रकाशन गरिने छ।

## आर्थिक विकास/रोजगार

- हस्तकला प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रमलाई जोड दिईनेछ।
- गलैंचा बुनाइ तालिमलाई जोड दिईनेछ।
- निगालो र बाँसद्धारा निर्मित हस्तकला जस्ता तालिमलाई जोड दिई पालिकालाई आय आर्जनमा जोड दिईनेछ।
- बार्बर हेयर कटिङ तालिम सञ्चालन गरिनेछ।

## बन तथा वातावरण

- रुख, बोटविरुवा, जडिबुटी तथा खनिज पदार्थहरुको संरक्षण तथा संवर्द्धन गरि वातावरणलाई अनुकूल सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- फोहोर व्यवस्थापन, डढेलो नियन्त्रण, वन संरक्षण जस्ता कार्यहरुमा जोड दिईनेछ।
- बृक्ष रोपण कार्यहरु संचालन गरिने छ।

## सुरक्षा

- सेर्तुङ प्रहरी चौकी निर्माण प्रक्रिय अगाडी बढाइने छ।
- अस्थायी प्रहरी चौकी व्यवस्थापन गरिने छ।
- सशस्त्र प्रहरी बल नेपालको भूमिका व्यवस्थित गर्न मोटर साइकल खरिद गरि हस्तान्तरण गरिने छ।
- गाउँ प्रहरी कार्यलय थप व्यवस्थित गरिने छ। अभिलेख व्यवस्थित गर्न ल्यापटप लगायतका सामग्री थप गरिने छ।

राम सिंह तामाङ
अध्यक्ष



CamScanner

गाउँसभाका सदस्यज्यूहरु,

अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा राय, सुझाव, सल्लाह र सहयोग गर्नुहुने गाउँ सभाका सदस्य, राजनीतिक दल, संघसंस्था, गाउँपालिकाको विषयगत शाखा एवं सम्पूर्ण कर्मचारी साथीहरु, शिक्षक साथीहरु, न्याय प्रेमी रुवी भ्याली निवासी आमाबुवा दाजुभाइ दिदिबहिनीहरुमा विशेष सम्मान सहित धन्यवाद दिन चाहान्छु । सुशासन सहित विकसित, अनुशासित, मर्यादित, सभ्य पर्यटकिय गन्तव्य सहितको सुन्दर गाउँ पालिकाको रुपमा विकास गर्न सबैको साथ रहने विश्वास सहित धन्यवाद दिन चाहान्छु ।

अभिवादन !!!

सम्बद् २०८२ साल आषाढ १० गते मंगलबार

राम सिंह तामाङ

अध्यक्ष

रुवी भ्याली गाउँपालिका

राम सिंह तामाङ
अध्यक्ष